बैठक संख्या - ९ मिति : २०६२।०६।०२

आज मिति २०६२।०६।०२ गते सोमबारका दिन धरान उप-महा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति :

श्री टीकादत्त राई - कार्यकारी अधिकृत अधिकृत धरान उप-म-न-पा-

आमन्त्रित :

श्री गणेशप्रसाद खतिवडा - व. प्रशासकिय अ.
श्री खगेन्द्रप्रसाद खतिवडा - व. कर अ.
श्री सुरज श्रेष्ठ - व. इन्जिनियर
श्री रमेश शाह - व. आ.ले.प.
श्री भेषराज अधिकारी - व. लेखा अ.
श्री राजु पोखरेल - इन्जिनियर
श्री - सुनील नेपाल - सा. वि. अ.

निर्णयहरु

निर्णय नं. १ - घरनक्सा पास दस्तुर सम्बन्धमा :- यस धरान उप महानगर पालिका क्षेत्र अन्तर्गत हाल सम्म नीजि भवन निर्माण प्रयोजनकोलागि नक्सापास दस्तुर छुटको प्राबधान नरहेको तर सालिकमा विकसित भई सकेका सडकहरु मध्ये निर्माणाधिन ~~पृथ्वीपथ~~, धरान १ पृथ्वीपथको हकमा मात्र लागुहुने गरी हाल लाग्ने घरनक्सा पास दस्तुरको बढिमा ६५% सम्म रकम छुट गर्ने र पछि पारबद बैठकबाट अनुमोदन गराउने निर्णय गरियो ।

निर्णय नं. २ :- Variation Order स्वीकृतीकोलागि सिफारिस सम्बन्धमा :- एकिकृत शहरी विकास आयोजना अन्तर्गत धरानमा संचालित सामुदायिक विकास कार्यक्रमको परामर्शदाता संस्था एकिकृत ग्रामिण विकास केन्द्र, नयाँ बानेश्वर, काठमाडौं हाल निलम्बनमा परेको कारण सो संस्था मार्फत संचालित सामुदायिक विकास कार्यक्रमहरुको नियमित संचालनमा बाधा पुगेकोहुनाले सो कार्यक्रमहरु संचालन गरि रहेको सामाजिक परिचालकहरु मार्फत उक्त कार्यक्रमलाई निरन्तरता दिन र आयोजनाको निर्माण कार्य समेत शुरु भै सकेकोले केही प्राविधिक तथा विज्ञ

प्रा. लि. बाट प्राप्त Variation Order No-1 लाई स्वीकृत सहित आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : म्याद थपको अनुमोदन सम्बन्धमा :- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय अन्तर्गतको जगेडा कोष र धरान उपमहा नगर पालिकाको संयुक्त लगानीमा सन्चालन भएको तपसिलका योजनाहरूको म्याद थपको लागि "स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ११८ को १ अनुसार निवेदन प्राप्त भए अनुसार प्राविधिक प्रतिवेदनका आधारमा प्रथम पटक ३ (तीन) महिनाकालागि म्याद थप गरिएकोमा थप गरिएको अवधिमा यातायात बन्दकाकारण कार्य सम्पन्न गर्न नसकिएकोले पुन: म्याद थपकालागि सम्बन्धित निर्माण व्यवसायीबाट अनुरोध भए अनुसार नियमावलीमा व्यवस्था मुताबिक देहायका योजनाहरूको २०७२ पौष सम्मका लागि म्याद थपको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

देहायका योजनाहरू:

(क) तीन ढवाङ्गे र खन्तेधारा सेउती साइडमा प्रोटेक्सन (River Training works) धरान ८ र धरान १५

(ख) फोहरमैला व्यवस्थापनकार्य (Dumping Site) धरान १५ सेउती खोला

निर्णय नं. ४ - जगेडाकोषमा योजना छनौट गरी पठाउने सम्बन्धमा :- संघिय ~~मामा~~ मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको जगेडाकोषको सहयोगमा सन्चालन गर्ने २२ औं नगर परिषद बाट पारित तपसिलका योजनाहरू छनौट गरी स्वीकृतिका लागि पठाउने निर्णय गरियो।

(क) पृथ्वि पथ (महालक्ष्मी मार्ग देखि गोपाल मार्ग सम्म) ढल निर्माण

(ख) भुमीपथ सडक निर्माण धरान-१६

(ग) लाजेश्वा रामलक्ष्मण मार्ग रजिङ्ग तथा WBM गर्ने कार्य ~~धरान~~ धरान - १५

(घ) प्रतिक्षा मार्ग ढल निर्माण -धरान-१६

(ङ) च्याम्जोङ्ग पथ ढल तथा रजिङ्ग वाल निर्माण धरान-१५

(च) भीमसेन पथ सडक निर्माण धरान - १६

(छ) पाथीभरा लाइन 'ख' पिच निर्माण, धरान १५